**Prithvi wangmaya Journal**
**Vol. 14, 2024**
**Nepali Department, Prithvinarayan Campus, (TU)**
**Pokhara, Nepal**

# आत्मावतारका कथाहरूमा नारीवादी चेतना

**डा. बाबुराम अधिकारी**
सहप्राध्यापक, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
Email: adhikaribaburam19@gmail.com

Received date : 17 May 2024, Reviewed date : 15 July 2024, Accepted date : 21 July 2024

**सार**

प्रस्तुत अनुसन्धानात्मक लेख *आत्मावतार* कथासङ्ग्रहका कथाहरूमा नारीवादी चेतनासम्बन्धी अध्ययनमा आधारित छ । नारीवादी सिद्धान्तका आधारमा तत्सम्बन्धी कथाहरूको विश्लेषण गुणात्मक अध्ययन विधिका माध्यमबाट गरिएको छ । *आत्मावतार* कथासङ्ग्रहका *लाहुरेकी बहिनी, इच्छामुक्ति, मन, आत्मावतार, बगैँचा, सीमान्त, उपहार* गरी सातवटा कथामा नारीका विषयमा केही कुरा उठाइएको हुँदा यिनै कथालाई मात्र प्राथमिक सामग्रीका रूपमा लिइएको छ । नारीवादी सिद्धान्तका आधारमा अध्ययन भएका सामग्री द्वितीय सामग्रीका रूपमा लिइएको छ । *आत्मावतार* कथासङ्ग्रहका उल्लिखित कथाहरूमा नारीवादी चिन्तनलाई प्रयोग गरिएको छ । नारीलाई केन्द्रमा राखेर उनीहरूका सामाजिक, आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रता र समानताको आवाज यी कथामा उठाइएको छ । नारीहरूप्रतिको अन्यायपूर्ण सामाजिक व्यवहार र सोचको विरोध गर्दै नेपाली समाजमा अधिकारबाट वञ्चित नारीका पक्षमा कथाहरू केन्द्रित रहेका छन् । सामाजिक कुसंस्कारका रूपमा रहेको पितृसत्तात्मक चिन्तनबाट मात्र नारीहरूले पीडा भोग्न परेको छैन, कतिपय परिस्थितिमा नारी उत्पीडनका कारण नारीहरू नै बनेका छन् । सबै किसिमका अत्याचार, शोषण र दमनका विरुद्धमा नारीहरूले नै आवाज उठाउनु पर्दछ । महिला हिंसा, दाइजो, बलत्कार जस्ता गतिविधिलाई समाजबाट हटाउन सबै एकजुट हुनुपर्दछ र विशेष गरी नारी हकहितका लागि नारी जागरण एवम् सशक्तीकरणका लागि नारी नै सचेत भएर अघि बढ्नुपर्दछ भन्ने सन्देश प्रवाह गर्नका लागि कथाहरू लेखिएको पुष्टि हुन्छ ।

**शब्दकुञ्जी :** इच्छामुक्ति, मनोद्वन्द्व, परिस्थितिजन्य, पितृसत्तात्मक, समसामयिक

## विषयपरिचय

नेपाली वाङ्मयका विशिष्ट साधक सूर्यमणि अधिकारी (२००५-२०६३) जीवनको अन्तिम समयसम्म पनि लेखन कार्यमा संलग्न रहेर नेपाली भाषा, साहित्य, इतिहास, धर्म र समसामयिक संस्कृतिका क्षेत्रमा कलम चलाउने व्यक्ति हुन् । आफ्नो सम्पूर्ण जीवन प्राज्ञिक गतिविधि समर्पण गर्ने इतिहासकार अधिकारीका भाषा र साहित्यको क्षेत्रमा नेपाली भाषाको इतिहास (२०५६) र आत्मावलतार (२०५६) कथासङ्ग्रह दुईवटा कृति प्रकाशित भएका छन् । साहित्यकार अधिकारीले आफूभित्र गुम्सेको

साहित्यिक पाटोलाई केही कविता र *आत्मावतार* कथासङ्ग्रहका माध्यमबाट बाहिर ल्याएका छन् । उनको एउटै मात्र कथासङ्ग्रह *आत्मावतार* प्रकाशित भएको देखिन्छ । सामाजिक कथाकार गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, गोविन्द गोठालेका कथाहरूको झल्को दिने सामाजिक, मनोवैज्ञानिक शैलीका यथार्थवादी कथाका माध्यमबाट समाजमा व्यावहारिक आदर्शलाई मूल कथ्य बनाएर सुधारवादी चेतन व्यक्त गर्नु कथाकार अधिकारीका कथागत विशेषता देखिन्छ ।*आत्मावतार* कथा सङ्ग्रहभित्रका लाहुरेकी बहिनी, इच्छामुक्ति, मन, बाच्छी, आत्मावतार, अनुपमा, आशीर्वाद, महत्त्वबोध, बगैँचा, बत्तीको बहाल, सीमान्त, काकी, उपहार, बाबु र छोरा, बैशाखी, उपायको खोजी, माया प्रीतिका कुरा, योगी अमरनाथ, सुनको बाला, मृत्युबोध गरी लघु आकारका २० वटा कथाहरू समावेश गरिएका छन् । यी अधिकांश कथामा पुरुषका भन्दा नारीहरूका विभिन्न समस्याका पक्षमा चित्रण गरिएको छ । नेपाली समाजमा नारीहरूप्रतिको दृष्टिकोण र नारीहरूले भोग्नुपरेका समस्या र उनीहरूका प्रवृत्तिमाथि जे जस्तो अभिव्यक्ति कथाहरूमा व्यक्त गरिएको छ, यस विषयमा छलफल गरी निष्कर्ष निकाल्नु नै यस लेखको मूल उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखको शीर्षक नारीवादी संस्कृतिसँग सम्बद्ध छ । अध्ययनका निम्ति, नारीवादलाई सैद्धान्तिक आधार बनाएर *आत्मावतार* कथासङ्ग्रह भित्र रहेका केही कथाहरूको मात्र अध्ययन गरिएको छ । अध्ययनका निम्ति छनोट गरिएका कथालाई प्राथमिक सामग्री र कथासङ्ग्रहका कथाका विषयमा भएका अध्ययनलाई द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । यी दुवै सामग्रीको स्रोत पुस्तकालय कार्य हो । नारीवादी संस्कृतिका विषयमा प्रशस्त मात्रामा अध्ययन भएका छन् तर सूर्यमणि अधिकारीको *आत्मावतार* कथा सङ्ग्रहका कथाहरूका विषयमा अध्ययन भएको छैन । नेपाली नारीहरूका प्रवृत्तिलाई चित्रण गर्ने दृष्टिले तयार पारिएका कथाहरूमा कथ्यसम्प्रेषणमा पात्रचयनको सान्दर्भिकता र कथ्यसम्प्रेषणमा परिवेशविधानको सान्दर्भिकता के कस्तो रहेको छ ? यिनै समस्यामा केन्द्रित भएर कथाहरूको विश्लेषण गरी ती समस्याहरूको समाधान पत्ता लगाउनु नै यस लेखको मुख्य उद्देश्य रहेको छ । साथै विश्लेषणको सैद्धान्तिक मानलाई कृतिगत साक्ष्यका आधारमा पुष्टि गरिएकाले यस लेखमा गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ ।

## नारीवादको सैद्धान्तिक आधार

नारीको हक, अधिकार र समानताका लागि आवाज उठाउने चिन्तनका रूपमा नारीवादलाई अर्थ्याउने गरिएको छ । नारीलाई केन्द्रमा राखी उनीहरूका सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता र समानताका लागि नारीवादले आवाज उठाउँछ । नारीहरूप्रतिको अन्यायपूर्ण सामाजिक व्यवहार र सोचको विरोध गर्दै सामाजिक मूल्य, मान्यता तथा साहित्यिक लेखनमा समेत नारीको पुरुष सरह अवस्थाको अपेक्षा राख्ने वैचारिक र मानवतावादी चिन्तनका रूपमा नारीवादलाई लिइन्छ (शर्मा, २०७९, पृ. २१) । यस वादले नारी अस्मिता र मूल्यलाई केन्द्रमा राखेर साहित्यिक कृतिको मूल्याङ्कन गर्छ, समाजमा अधिकारबाट वञ्चित महिलाका पक्षमा आवाज उठाउँछ (पौडेल, २०६९, पृ. ८५) । नारीको हक र अधिकारलाई सुनिश्चित गर्ने चिन्तनका रूपमा विकसित भएको यो मान्यता समाजमा महिलाहरूप्रति गरिएको मान्यता समाजमा महिलाहरू प्रति गरिएको व्यवहारबाट जन्मिएको हो । पूर्व र पश्चिममा दास युगदेखि नै महिला, धार्मिक, कानुनी, सामाजिक विधान तथा हक अधिकारबाट वञ्चित रहेका र उक्त समयका केही धर्मग्रन्थ, चिन्तक, लेखक राजनीतिज्ञले नारीलाई हीन असक्षम

पात्रका रूपमा प्रस्तुत गरिएको छ । यस्ता रुढी ग्रस्त सोचका विरुद्धमा आवाज उठाउँदै अगाडि बढेको नारीवादी जागरण अमेरिका तथा फ्रान्सको राज्य क्रान्ति, अमेकिराको सन् १८३० को दासप्रथा विरुद्धको सङ्घर्षको पृष्ठभूमि रसन् १८४८ मा अमेकिराको न्यूयोर्कमा भएको नारी अधिकार सम्बन्धी प्रथम सम्मेलनबाट अगाडि बढेको देखिन्छ (गौतम, २०५०, पृ. ४३७) ।

समयक्रमसँगै नारी जागरण र आन्दोनलका लागि विभिन्न सङ्घ, संस्था खुल्दै गएका र प्रत्येक वर्ष संसदमा महिला अधिकारका विषयमा कुरा उठाउँदै जाने क्रममा सन् १८९७ मार्च ८ तारिखमा हस्ताक्षर सङ्कलन गरी विशाल जुलुसद्वारा मागपत्र पेस गरिएको दिनलाई विश्वले नै नारी दिवसका रूपमा मनाउँदै आएको हो (शर्मा, २०७९, पृ. २२) । सन् १९०९ मा अमेरिकाको सिकागो सहरमा श्रमिक महिलाको अनुशासित र व्यवस्थित जुलुसले समर्थन पाएपछि सन् १९२० अगस्ट २६ मा अमेकिराको संविधानले महिलालाई मताधिकार प्रदान गर्नु र सन् १९२९ मा भर्जिनिया उल्फको *अ रुम अफ वन्स वन* नामक कृति नारीवादी आन्दोलनका विषयलाई लिएर प्रकाशित हुनु, सन् १९४९ मा फ्रान्सेली नारी लेखक साइमन द बुमाको *द सेकेण्ड सेक्स* प्रकाशित हुनु नारीवादी चिन्तनका महत्त्वपूर्ण उपलब्धि हुन् (शर्मा, २०७९, पृ. २३) । *द सेकेण्ड सेक्स* (१९४९) कृतिलाई नारीवादी लेखन तथा आन्दोलनको महत्त्वपूर्ण र युगान्तकारी कृतिका रूपमा लिइन्छ । यसरी अमेरिका, बेलायत र फ्रान्समा भएका नारीवादी हड्ताल, आन्दोलन, विन्तिपत्र जस्ता गतिवधि र नारीवादी चिन्तनमा लेखिएका पुस्तकहरूको प्रतिफल स्वरूप नारीवादी साहित्य, सिद्धान्त जन्मन पुगेको देखिन्छ। साहित्यिक कृतिहरूमा नारीका विषयमा लेखिएका कुरालाई खोज्ने सन्दर्भमा नारीवादी समालोचनाको थालनी भएको देखिन्छ । नारीवादी साहित्य लेखनको उद्देश्य नारीलाई केन्द्रमा राखेर कुनै पनि प्रकारको महिला दमन, बौद्धिक र जैविक दृष्टिले नारीलाई पुरुष भन्दा कमजोर र तुच्छ ठान्ने पुरुष सत्तात्मकका विरुद्धमा वकालत गर्नु हो नारी अस्मिता र मूल्यलाई केन्द्रमा राखेर उनीहरूकै पक्षमा बोल्नु र लेख्नु हो (पौडेल, २०७९, पृ. २६) ।

नारीमाथि हुने गरेका सामाजिक आर्थिक, धार्मिक, वैचारिक, यौनगत राजनीतिक भेदभावका विरुद्ध आवाज उठाउँदै पुरुष सरह नै नारीको श्रमको मूल्य हुनुपर्ने कुरामा नारीवादी साहित्यले जोड दिन्छ । असमान कानुन, महिला हिंसा, दाइजो, बलत्कार, जस्ता गतिविधिहरू दिनानुदिन बढ्दै जाँदा यसले समाजलाई कमजोर बनाउँछ, यस्ता क्रियाकलापका विरुद्धमा नारीहरू आफै सक्रिय हुनुपर्ने मान्यता राख्दछ । नारीले आफ्नो अस्तित्व संरक्षण आफै गर्न सक्नुपर्दछ भन्दै नारी स्वतन्त्रता, समानता र सशक्तीकरणमा जोड दिने हुँदा यसै मान्यतालाई आत्मसाते गरी लेखिएका साहित्य नै नारीवादी साहित्य हुन् र यस किसिमका साहित्यिक कृतिमा रहेका नारी सम्बन्धी कुराहरू खोजेर अध्ययन गरिने समालोचना नारीवादी समालोचना हो ।

लैङ्गिक समानता, सहअस्तित्व, नारीप्रतिको परम्परागत मूल्य, पितृसत्तात्मक समाजले नारीमाथि परेको प्रभाव, नारीका आफ्ना अवस्था र अनुभूतिका आधारमा नरीवादका उदारवादी नारीवाद, मार्क्सवादी नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, समाजवादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, उत्तरआधुनिक नारीवाद जस्ता अनेक चिन्तन वा धारहरू पश्चिमी साहित्यमा विकसित भएका छन् । पन्ध्रौं शताब्दीदेखि आफ्ना प्रारम्भिक गतिविधि सञ्चालन गर्दै अठारौँ शताब्दीको अन्त्यतिरबाट विकसित भई सफलतापूर्वक अगाडि बढेको नारीवादले पश्चिमी साहित्य र समालोचनामा आफूलाई दरो गरी उपस्थित गरेको छ। नेपाली साहित्य समालोचनाका क्षेत्रमा भने यो मान्यता त्यति फस्टाइसकेको देखिँदैन ।रूपमती, मुलुक बाहिर, माइतघर,

बसाइँ, वसन्ती, मङ्गली जस्ता उपन्यास नारीवादी लेखनको प्रयोग पाइन्छ । केही कथा, निबन्ध, काव्यकृतिमा पनि यो चिन्तनले स्थान पाएको हो । कथाकार सूर्यमणि अधिकारीको *आत्मावतार* कथा सङ्ग्रहभित्रका अधिकांश कथामा पनि नेपाली समाजमा नारीहरूले भोग्नु परेका सामाजिक समस्याहरूलाई उठाइएको छ । विशेषतः लैङ्गिक, वर्गीय, जातीय र सांस्कृतिक दमनबाट नेपाली नारीले भोग्नु परेका पीडालाई चित्रण गरिएको छ । तसर्थ प्रस्तुत अध्ययनमा अधिकारीका उल्लिखित कथाहरूमा नारीवादी चेतना के कस्तो छ ? कथ्यसम्प्रेषणमा पात्रचयनको सान्दर्भिकता र कथ्यसम्प्रेषणमा परिवेशविधानको सान्दर्भिकतालाई  विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## विमर्श र नतिजा

कथाकार अधिकारीका 'आत्मवतार' कथासङ्ग्रहका सबै कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् तापनि समकालीन पुरुषप्रधान नेपाली समाजमा नारीको अवस्थालाई कथ्य बनाइएका कथाहरू मात्र अध्ययन गरिएको छ । नारी पुरुषसरह स्वतन्त्र अस्तित्वसम्पन्न भएर सार्थक जीवन बाँच्न सकिरहेका छैनन् । भोगवादी पुरुषप्रधान नेपाली समाजमा पुरुषले नारीलाई हेर्ने दृष्टिकोण, उनीहरूले गर्ने व्यवहार र नारीको अवस्थालाई लाहुरेकी बहिनी, इच्छामुक्ति, आत्मावतार, मन, बगैँचा सीमान्त, उपहार गरी सातवटा कथाहरूले नेपाली नारीका विषयमा जे जस्ता कुरा उठाइएका छन् नारीवादको सैद्धान्तिक आधारमा टेकेर आलेख तयार पारिएको छ ।

### कथ्यसम्प्रेषणमा पात्रचयनको सान्दर्भिकता

कुनै पनि आख्यानात्मक कृतिमा आख्यानकारलाई आफूले भोगेका, देखेका, सुनेका, भावविचार, जीवनानुभूति वा जीवन दर्शनलाई अभिव्यक्त गर्न माध्यमको आवश्यक पर्दछ । यो आवश्यकता पुरा गर्नका लागि स्रष्टाले आफ्नो उद्देश्यसँग मेल खाने गरी एवम् विषयसन्दर्भलाई समेट्ने ढङ्गका पात्रहरू परिकल्पना गर्दछ । त्यस्ता पात्रहरू भिन्नभिन्न प्रवृत्ति, संस्कार, स्वभावका रहेका हुन्छन् । तिनैलाई माध्यमका रुमपा उभ्याएर उसले भन्न खोजेका कुरालाई कथामा व्यक्त गर्दछ (गैरे, २०७९, पृ. १२५) ।

कथाकार सूर्यमणि अधिकारीले आत्मावतार कथा सङ्ग्रहको कथाहरूमा नारीवादी दृष्टिकोणलाई अभिव्यक्ति दिन लाहुरेकी बहिनी कथामा भट्टी पसल्नी, इच्छामुक्तिमा वसन्ती शर्मा, आत्मावतार कथामा जुनेली, मन कथामा निर्मला, बगैचा कथामा रमा, सीमान्त कथामा जानकी र उपहार कथामा नारी मुक्तिको वकालत नर्गे मोहनप्रसाद शर्मा जस्ता रङ्गमञ्चीय पात्रचयन गरेका छन् । यिनै पात्रका संवादमूलक अभिव्यक्ति र क्रियाकलापबाट कथाकारले नेपाली नारीहरूका जीवनका विविध पक्षलाई उल्लेख गरेका छन् । उनले नारीको स्वतन्त्र सत्ता स्थापित हुनुपर्दछ र लैङ्गिक विभेदको चपेटामा परेर नारीले पिल्सिनु हुँदैन भन्ने विचार सम्प्रेषणका लागि नारी पात्रचयन गरेको देखिन्छ । वर्तमान नेपाली समाजमा नारीहरू कति संत्रस्त छन् र पुरुष सत्तात्मक सोच, नारी प्रति उनीहरूको व्यवहार कस्तो हुन्छ भन्ने सन्दर्भलाई यी पात्रहरूप्रति गरिएका क्रियाकलापलाई देखाइएको छ ।

*लाहुरेकी बहिनी* कथा नेपाली समाजमा कतिपय नारीहरूले जीवन जिउनका लागि बाध्य भएर समाजमा हेयका दृष्टिले हेरिने भट्टी पसल खोलेर जीविकोपार्जन गर्नु पर्ने परिस्थिति उजागर गरिएको छ । लाहुरेहरू लाहुर जाँदा आउँदा भट्टी पसल्नीहरूलाई जुन नजरले हेर्दछन् त्यो पुरुष सत्तात्मक सोचको परिणाम हो । उनीहरूको परिस्थितिजन्य बाध्यतालाई पुरुषहरू अवसरको रूपमा लिने गर्दछन् । यो परिपाटीले नारीहरूको जीवन भोगाइ र उनीहरूप्रति पुरुषहरूको दृष्टिकोणलाई सहजै बुझ्न सकिन्छ । इच्छामुक्ति कथामा ६३ वर्ष पुगेकी विद्यालयकी अध्यापिका पदबाट निवृत्त वसन्ती शर्मा लैङ्गिक

विभेदको चपेटा परेर जीवनभर नै सास्ती भोग्न विवश नारी हो । शोकसन्तप्त विधवा आमाकी एक मात्र सन्तान वसन्तीले वाल्यकालमा नै बाबुलाई गुमाउनु परेको पीडा र बाल्यकालमा नै विवाह बन्धनमा बाँधिएर पनि एक्लो जीवन जिउनु परेका पीडालाई कथामा व्यक्त गरिएको छ । लोग्ने बिदेसिएपछि थुप्रै नेपाली नारीले यातना भोल्नु परेको विचारलाई कथामा यसरी सम्प्रेषण गरिएको छ :

"बाल्यकालमै मेरो बिहे भयो । कुसङ्गतले गर्दा पढाइ छोडेर पति विदेशिए । घरमा बुहार्तन असह्य हुँदै गयो । सासू र नन्दहरू मिलेर लुछ्ने पिट्ने र पछार्ने समेत गर्न थाले (अधिकारी, ०५६, पृ. ३) ।"

यस कुराबाट नेपाली समाजमा नारीहरूले नारीलाई गर्ने शोषण, दमन र अत्याचारको अवस्था जगजाहेर भएको छ । यथार्थवादी शैलीमा लेखिएको यस कथाको नायिका वसन्तीको जीवनमा शिक्षक माधव सरबाट पाएको हौसला सुझाव र सहयोगले एउटी नारीको जीवनले नयाँ मोड लिएको सन्दर्भ उठाइएको छ । नारीले साथ र सहयोग पाइ भने उसले आत्मनिर्भर भएर अगाडि बढ्न सक्छे भन्ने विचार सम्प्रेषण गरिएको छ । यति मात्र होइन, नेपाली समाजमा कतिपय नारीहरूले दुःख गरेर आफ्नो लोग्नेलाई अध्ययन गर्न उत्प्रेरित गरी अगाडि बढाएका छन् तिनै लोग्नेले आफू शिक्षित भएपछि अशिक्षित र पाखे भनी दुःखमा साथ दिएकी पत्नीलाई हेला गरी सौता हाल्ने निकृष्ट कार्य गरिने कथ्यसम्प्रेषण वसन्तीबाट सम्प्रेषण भएको छ । यस कथाकी प्रमुख नारी पात्र वसन्ती शर्मा वैदिक विधिपूर्वक विवाह गरी आमाले सुम्पेको लोग्नेलाई नै सर्वस्व ठानेर बसेकी छ । तर १०।१२ वर्षपछि विदेशमा भौतारिए फर्केको लोग्नेले उल्टै अर्को विवाह गरेर बेवास्ता गरेको घटनाले नारीको मनमा ठूलो चोट पुऱ्याएको कुरा यसरी व्यक्त भएको छ :

सासूप्रति मेरो दिल साह्रै दुःखेको भए पनि पतिसँग मेरो कुनै दुर्भावना थिएन । म चाहन्थे, उनी आउन र मेरो साहचर्यमा गृहस्थी चलाउन । म जस्ती पत्नी पाएकोमा आफूलाई भाग्यशाली सम्झून् । तर चाहेको जस्तो हुने भए अर्न्तवेदनाको घाउ यसरी चहराइरहन पर्ने थिएन । विदेशमा १०।१२ वर्ष भौतारिएर फर्केपछि उनले अर्को बिहे गरे । एक पटक मलाई बोलाउने, भेट्ने र कुरा सुन्ने साहससम्म गरेनन् । मेरो कल्पनाको मायालु संसार चकनाचुर पारिदिएँ (अधिकारी, २०५६, पृ. ३-४) ।

पितृसत्तात्मक समाजमा पुरुषहरूले दोस्रो, तेस्रो विवाह गर्दा पनि उनीहरूलाई औला नठड्याइने तर नारीले यदि दोस्रो विवाह गरी भने समाजबाट बहिष्कृत हुने कुप्रवृत्तिका विरुद्ध अझै पनि खुलेर विरोध हुन सकेको छैन । लोग्नेले पत्नीको व्यवहार नगरे पनि सामाजिक परिवेश अनुसार आफूलाई सुम्पेको पुरुषलाई नै पतिका रूपमा स्वीकार गरेर जीवनभरि एकल नारीका रूपमा बसेकी वसन्ती शर्मा जब सासूको मृत्यु हुन्छ, तब समाजमा प्रचलित रीतिरिवाज अनुसार आफ्नो घरमा पुग्दा जुन किसिमको व्यवहार लोग्नेबाट हुन्छ त्यो नारीप्रतिको हिंसा मात्र होइन, घोर अपमान हो र यसका विरुद्धमा नारीहरूमा जागरण आउनु जरुरी छ । पुरुषहरूको सोच बदलिनु आवश्यक छ । कथामा भनिएका "तँ लखौटी, नखरमाउली, तैले काजक्रिया केही गर्नु पर्दैन म गर्न दिन्नँ, मैले बिहेमा दिएका गहना बुझाएर तँ गइ हाल (अधिकारी, २०५६, पृ. ४) । यी अभिव्यक्तिबाट नेपाली समाजमा नारीहरूलाई केही पुरुषहरूले कस्तो स्थान दिएका छन् ? कस्तो व्यवहार गरेका छन् भन्ने छर्लङ्ग पारेको छ ।

यसैगरी *आत्मावतार* कथाकी नारी पात्र जुनेलीको विवाह रामप्रसाद शर्मासँग हुन्छ । रामप्रसाद शहरमा बसेर पढ्दै गर्दा शहरकै केटीसँग विवाह गर्दछ । गर्भवती भएकी जुनेलीलाई घरमा बस्नै नदिएपछि माइत जान विवश हुन्छे । नेपाली समाजमा यस्तो स्थिति प्रसस्त मात्रामा घटेको देखिन्छ । आफ्नो स्वार्थका लागि छोराको विवाह गरिदिने तर त्यही छोराले अर्को ल्याएपछि त्यो पहिलेकी

बुहारीलाई घर निकाला गर्ने प्रवृत्तिले नारीहरू घर न घाटका भएर बाँच्न विवश भएको कुरालाई जुनेलीले यसरी व्यक्त गरेकी छ :

"गाउँको विद्यालयमा पढ्दै गर्दा मेरो विवाह रामप्रसाद शर्मा अर्थात् तिम्रा बासँग भयो । उनी त्यस बखत शहरमा पढ्दै थिए । कहिलेकाहीँ गाउँमा आउने गर्थे । हाम्रो सम्बन्ध लज्जा र सङ्कोचले भरिएको थियो । तथापि विवाहको केही वर्ष पश्चात् मैले तिम्रा बाबाट गर्भ धारणा गरेछु । गाउँले जीवन घरको बुहार्तन र सासुको कहर आदि अनेक कष्ट झेलेर म आफ्ना पतिको प्रगतिको कामना हृदयभरि बोकेर बिताउँदै थिए । पछि थाह भयो- उनको सहरमा तिम्री आमासँग प्रेम विवाह भएको रहेछ" (अधिकारी, २०५६, पृ. ११) । नेपाली समाजमा नारीहरू पितृसत्तात्मक गतिविधिबाट कतिसम्म आक्रान्त छन् भन्ने कुराको प्रमाणका रूपमा जुनेलीको यो संवाद देखापरेको छ । समाजमा नारीहरूको विचल्ली पुरुषका क्रियाकलाप अर्थात् पितृसत्तात्मक सोचले निम्त्याएको समस्याका रूपमा देखिन्छ । सौता हालेपछि पुरुषले जेठी श्रीमतीलाई बेवास्ता गर्ने र घर परिवारले संरक्षण दिनु पर्ने ठाउँमा उल्टै दुःख दिने र अनेक बाहना लगाएर घरबाटै निकाल्ने सम्मका कार्य गर्ने कुरालाई जुनेलीले यसरी व्यक्त गरेकी छ : त्यसपछि त घरमा झन टिक्नै नसक्ने स्थिति पैदा भयो । म माइत बस्न विवश भएँ ( अधिकारी, २०५६, पृ. ११) । यी वाक्यबाट के कुरा प्रष्ट हुन्छ भने नेपाली समाजमा आफ्नै लोग्नेबाट प्रताडित नारीहरू घरमा बस्न नसकेपछि माइतीघरलाई सहारा बनाउने गर्दछन् ।

नेपाली समाज परम्परादेखि नै पितृसत्तात्मक भएका कारण महिलाहरूमा हीनताबोध, कमजोर भावना, परनिर्भरता, असुरक्षा आदि भावना विद्यमान रहेका छन् । यिनै कोमल भावनामाथि टेकेर पुरुषहरू नारीमाथि शासन गरिरहेका छन् । यसै गरी समाजमा यस्तै नारी भएर पनि नारीको मर्म र वेदना नबुझ्ने अबुझ, अविवेकी सासु नन्द भनाउँदा केही नारीहरूबाटै घरका लक्ष्मी जस्ता अर्थात् जुनेली जस्ता बुहारीहरूलाई प्रताडित गरिएको छ । यस कुरालाई आत्मावतारमा भनिएको छ : प्रायः नारी उत्पीडनका कारण नारीहरू नै हुन्छन् । बुहारीलाई बुहार्तन कटाउने नन्द र अमाजूहरू वृद्धा सासूलाई विचल्ली पार्ने बुहारीहरू, पत्नी र बालबच्चा भएकासँग पोइल गएर सौता बनी घर भाड्ने नारीहरू नै त हुन् । तर जुली नारी मुक्ति आन्दोलनको अप्रतीम योद्धा बनी कमसेकम मेरा लागि ( अधिकारी, २०५६, पृ. १३) जुनेलीका यी अभिव्यक्तिबाट नेपाली समाजमा नारीहरू पुरुषबाट मात्र होइन नारीहरूबाट पनि उत्तिकै प्रताडित छन् भन्ने कथ्यसम्प्रेषण गरिएको छ ।

आखिर समाज परिवर्तन गर्नका लागि कोही न कोही निस्कनु नै पर्दछ । परिवर्तन घरबाटै सुरु गरियो भने त्यसले निर्णायक रूप लिन्छ । आत्मावतार कथाकी पात्र जुली त्यही नारीहरूको हक र अधिकार दिलाउने क्रान्तिकारी, आधुनिक विचार भएकी युवती हो । नारीहरू शिक्षित बने भने चेतना विस्तारसँगै समाजले पनि अग्रगति लिन्छ । तसर्थ नारी मुक्तिका निम्ति नारी आफै सक्रिय हुनु पर्ने नारीवादी मान्यतालाई यस कथाले प्रभावकारी रूपमा उठाएको छ ।

सूर्यमणि अधिकारीका कथामा मनोविज्ञानको पनि प्रयोग भएको छ । विशेष गरी यौन मनोविज्ञानबाट नारीहरू प्रताडित भएको देखाइएको छ । *मन* कथाकी नारी पात्र निर्मलालाई विद्यार्थी युनियनका उम्मेदवार भोट माग्ने निहुँमा साथी सहित कोठामा आएर जवरजस्ती बलात्कार गरिएको घृणित र लज्जास्पद घटनाले पुरुषहरूमा नारीहरूलाई एक्लो देखेपछि विकृत मानसिकता र त्यसले निम्त्याउने यौन हिंसालाई देखाइएको छ । वास्तवमा यस किसिमका दुर्घटनामा परेर थुप्रै युवतीहरूले मानसिक सन्तापमा जिउनु परेको छ । विद्यार्थी हकहितका लागि नेतृत्व गर्न तम्सेका व्यक्तिहरूबाट नै

यस किसिमको व्यवहार हुँदा पुरुषहरूप्रतिको धारणा कस्तो रहन्छ भन्ने विचारसम्प्रेषण गर्ने पात्रका रूपमा निर्मलालाई चयन गरिएको छ । उसले भनेकी छ :

मेरो अवस्था लथालिङ्ग भयो । शारीरिक र मानिसक वेदनाले मर्माहत भए । जति रोए पनि आँसुका बलिन्द्र धाराले मेरो अन्तर्वेदना पखाल्न सकेनन् । आफ्नो भविष्य बारे सोच्दा म झन कहालिएँ । यस दुर्घटनालाई मैले आफैमा लुकाएर राख्ने चेष्टा गरेँ तथापि मेरो मानिसक सन्ताप कहिल्यै मेटिएन । पढाइमा मन लाग्न छोड्यो । जुनसुकै युवक देख्दा घीन लाग्न थाल्यो । ममा हीनताबोध मौलाउँदै गयो (अधिकारी, २०५६, पृ. ५) ।

नारीको भावना र चाहना नबुझीकन नारीलाई एउटी अवला र भोग्याका रूपमा हेर्ने पुरुष आँखाहरूमा परिवर्तन आउन आवश्यक छ । नारीहरूको अस्मितामाथि खेलवाड गर्ने पुरुषलाई सबक सिकाएर समाजबाट यस किसिमका प्रवृत्तिहरूको अन्त्य नभएसम्म नारीहरू सुरक्षित रहन सक्दैन । निर्मलाले त्यही बलात्कारी पुरुषसँग विवाह गरेर बदला त लिई तर नारीको कोमल मनले उसको पश्चातापपूर्ण अवस्था देखेपछि क्षमा दिनुले नारीको दयालुपन मात्र होइन कुकर्मीलाई क्षमा दिन सक्ने महान् विचार हुन्छ भन्ने पुष्टि भएको छ । यसैगरी *बगैँचा* कथाकी नारी पात्र रमा पनि विधर्मी पुरुषबाट यौन हिंसाकी शिकार बनेकी छ । बलत्कृत नारीहरूको जीवन कर्कलाको पातको पानीको ढिका जस्तो हुन्छ । त्यसलाई सम्हाल्ने परिस्थिति बन्यो भने प्रयोगमा आउँछ । यदि झऱ्यो भने भताभुङ्ग लथालिङ्ग हुन्छ । परिस्थितिले रमालाई घरबार त दिलायो तर जीवन अपुरै रह्यो । 'सीमान्त' कथाकी नारी पात्र जानकी स्वयम् नारी भएर नारी चरित्रप्रति आशङ्का गर्दछे । यो आशङ्का अस्वाभाविक छैन । पुरुषहरू नारीहरूप्रति के सोच बनाउँदछन् त्यसको अनुमान आफै गर्दछन् र पीडित बन्दछन् । घरमा ल्याएर हुर्काएकी टुहुरी र अनाथ भदै ठूली भएपछि आफ्नै लोग्नेबाट बलत्कृत हुने सन्त्रासले नर्स जानकीलाई सताएको छ । नेपाली समाजमा नारीलाई पीडा पुऱ्याउने पुरुष मात्र छैनन् । नारीहरूबाट पनि नारी उत्तिकै पीडित छन् । जब गाउले टोल छिमेकले "स्वास्नी अस्पतालमा रातमा डाक्टरसँग लोग्ने घरमा तरुनी भदैसँग भन्दछन्" (अधिकारी, २०५६, पृ. २५) भन्ने सुन्दछे तब जानकीभित्र शङ्काले डेरा जमाउन थाल्दछ । उसमा भदै आफ्नै सौता बन्ने हो कि भन्ने शंकाले प्रताडित बन्दछे । आफ्नो इज्जतदार प्राध्यापक लोग्नेले त्यस्तो निकृष्ट काम गर्दैनन् होला भन्ने आत्माविश्वास र केही भई हाले पनि आफूलाई सुरक्षित राख्ने छन्, आपत आउने छैन भन्ने सान्त्वनापूर्ण विचारका बीच जुन किसिमको द्वन्द्व पैदा भएको छ यसको मुख्य कारण समाजको चिन्तन र उनीहरूको कुरौटे प्रवृत्ति नै हो । एउटी विवाहिता नारीले पुरुषहरूप्रति राख्ने धारणा र मनोद्वन्द्वले नारीलाई कति पीडा पुऱ्याउँदो रहेछ भन्ने विचार सम्प्रेषण गर्ने पात्रका रूपमा जानकीलाई चयन गरिएको छ । नारीमाथि हुने गरेका सामाजिक गतिविधि र यौनगत चिन्तनबाट नारी मानसिकताको स्थितिलाई उजागर गरेकाले यसलाई नारीवादी कथाका रूपमा लिन सकिन्छ । नेपाली समाजमा अहिले पनि नर्स पेसामा संलग्न नारीहरूप्रति गलत सोच रहेको पाइन्छ । यिनै कुविचारका कारण कतिपय युवतीहरूआफै पीडित बनेका छन् भने कतिपय विवाहित नारीको घरबारसमेत लथालिङ्ग भएका घटना देखिन्छन् ।

*आत्मावतार* कथा सङ्ग्रहको *उपहार* कथा नारीमुक्तिको वकालत गरिएको नारीवादी चिन्तन व्यक्त गरिएको प्रभावोत्पादक कथा हो । यस कथाको प्रमुख पात्र प्राचार्य मोहनप्रसाद शर्मा कथाकार सूर्यमणि अधिकारीको मुखपात्र भएर उपस्थित भएको प्रतीत हुन्छ । कथाकारले आफूभित्र रहेका नारीप्रतिका धारणा र समाजमा विकराल बन्दै गएको दाइजो प्रथाका गतिविधिलाई मोहनप्रसादका माध्यमबाट अघि सारेको देखिन्छ । मोहनप्रसादले महिलामुक्ति आन्दोलन जिल्ला समितिमा प्रवचन

दिनका लागि टिपोट गरिएका बुँदामा भनिएको छ : प्रशस्त दाइजो दिन सक्नेको देखासिकीले गर्दा नसक्नेलाई ठूलो सकस परिरहेको छ, दाइजोको करकापमा परेर धेरै चेली बेटीले ज्यान गुमाउनु परेको छ, दाइजो विरोधी आन्दोलनको नेतृत्व स्वयम् महिलाहरूले गर्नुपर्छ, बौद्धिक वर्गले दाइजे नदिने उदाहरण प्रस्तुत गर्नु पर्ने देखिन्छ, दाइजो लिने र दिनेलाई सामाजिक बहिष्कार गर्नुपर्छ, दुबै थरीलाई कडा दण्ड दिने व्यवस्थ हुनुपर्दछ (अधिकारी, २०५६, पृ. ३१) । यसरी नारीवादी चेतनाको प्रखर अभिव्यक्तिका लागि पुरुष पात्र पनि चयन गरिएको छ । सबै पुरुषहरू एकै किसिमका हुँदैनन् भन्नका लागि मोहनप्रसादलाई रङ्गमञ्चीय पात्रका रूपमा उपस्थित गराएर कथ्यसम्प्रेषण गरिएको छ ।

**कथ्यसम्प्रेषणमा परिवेशविधानको सान्दर्भिकता**

व्यक्ति जुन भूगोल, हावापानी, समाज सामाजिक रहनसहन, रीतिरिवाज, मूल्यमान्यता, धर्मसंस्कृतिका बीचमा जन्मे हुर्केको हुन्छ, उसको संस्कार पनि त्यही परिवशेबाट विकसित हुन्छ (गैरे, २०७९, पृ. १३०) । कथाकारले पनि आफ्ना कथाहरूमा आफू जन्मे हुर्केको परिवेशलाई प्रेरक तत्त्वका रूपमा प्रस्तुत गर्दछन् । कुनै पात्रको चिन्तनशैली, संस्कार र कार्यशैली त्यही परिवेशले निर्धारण गर्ने हुँदा पात्रको चारित्रिक विकास पनि सोही अनुसार भएको हुन्छ । आत्मावतार कथासङ्ग्रहबाट जुन जुन कथा अध्ययन गरेर जे जति पात्रचयन गरिएको छ ती पात्रको संस्कार, रुचि, प्रवृत्ति स्वभाव र कार्यशैली सबै नै परम्परागत सामाजिक परिवेशबाट विकसित भएको देखिन्छ । नेपाली समाज पितृसत्तात्मक परिवशेबाट अगाडि बढेको छ । यी कथाहरूमा नेपाली समाजबाट पात्रहरू चयन गरिएको छ । समाजका अधिकांश पुरुषहरू भोगवादी हुनाले नारीहरू उनीहरूबाट बढी प्रताडित हुनुपरेको छ । नारीलाई भोगविलासको साधन मात्र सम्झने, नारी हृदयका सुकोमल विचारहरू प्रति उदासिन हुने, आफ्नो वासनापूर्तिका लागि हिंसात्मक व्यवहार गर्न पनि पछि नपर्ने र सहअस्तित्वलाई आत्मसाथ गर्न नसक्ने मानसिकता भएका पुरुष जातिको प्रभुत्व देखिन्छ । त्यस्तै नेपाली समाजमा नारीहरू पुरुषहरूका दुष्प्रवृत्तिका कारण त्रसित मात्र छैनन् आत्महत्या गर्न समेत विवश छन् । बाल्यकालमा विवाह गरिदिने वातावरणका कारण कैयौ नारीहरू उमेर पुगेपछि लोग्नेले अर्को विवाह गरेर जेठी श्रीमतीलाई त्यागी दिने प्रवृत्तिबाट नेपाली नारीहरू घर न घाटको अवस्थामा पुगेका छन् । इच्छामुक्ति कथाकी नारी पात्र वसन्ती जीवनभरि एकल नारीका रूपमा कहर काटेर बसेकी हुन्छे । उसलाई तैले काजक्रिया गर्नुपर्दैन भन्दै विवाहमा दिइएका गहना बुझाएर गइ हाल भन्ने अभिव्यक्तिबाट नेपाली पुरुषको नारीप्रतिको धारणा कस्तो रहेको छ भन्ने परिवेश बुझ्न सकिन्छ ।

नेपाली समाज कृषिपरक रहेकाले आमा बाबुले खेतीपाती गर्ने मानिसको अभावमा उमेर नपुगेका छोराहरूको विवाह गरिदिने र पछि त्यो छोराले अर्को मन पराएर ल्याएपछि त्यही बुहारीलाई हेला गर्ने परिवशेको चित्रण गर्न आत्मावतारकी जुनेलीलाई प्रस्तुत गरिएको छ । श्रीमान् श्रीमती अलग्गै पारिवारिक भेटघाट नगर्दा तिनीहरूबाट जन्मेका छोराछोरीबीच दाजुबहिनी हौँ भन्ने थाह नभएका कारण प्रेममा परेका घटनाप्रति पनि सचेत हुनुपर्ने कुरालाई आत्मावतारका रमेश र जुनेलीको माध्यमबाट देखाउनु खोजिएको छ । दुई बीच सम्बन्ध थाह भएपछि दाजु बहिनीका रूपमा नाता कायम भएको घटनाले नेपालको सामाजिक, सांस्कृतिक परिवेशको सन्दर्भ कस्तो छ भन्ने उजागर गरेको छ । नेपाली समाजको परिवेश पहिलदेखि नै पितृसत्तात्मक भएका कारण नारीहरू पुरुषबाट पीडित छन् । सधैँ नारीले पुरुषबाट सुरक्षित भएर हिँड्नु भन्ने बाध्यताको परिवशेलाई मन कथाकी पात्र निर्मलाबाट देखाउन खोजिएको छ ।

घरबाहिर बसेर उच्च शिक्षा अध्ययन गर्न बसेका छात्राहरू केटा विद्यार्थीहरूबाट सधै असुरक्षित महसुस गर्नुपर्ने परिवेश देखाइएको छ । अझ कलेजका विद्यार्थी युनिनमा संलग्न केटा विद्यार्थीहरूले चुनावमा भोट माग्ने निहुमा डेरामा गएर तिनै छात्रालाई बलात्कार गर्ने गरेका घटनाको सन्दर्भलाई मन कथाकी निर्मलाले यसरी व्यक्त गरेकी छ :

कलेजमा पढाइ हुन छोडेकाले म आफ्नै डेरामा थिएँ । मध्यान्हमा एक जना उम्मेदवार एउटा साथी लिएर मेरो डेरामा आइपुगे उनले शिष्टतापूर्वक अभिवादन गरी आफ्नो परिचय दिए । उम्मेदवार आएर भोट माग्दा दिन्न भन्ने कुरा आएन । शिष्टाचार वश मैले चिया खाएर जान आग्रह गरेँ । भित्रबाट चिया लिएर आउँदा उनीहरूले कोठामा झ्याल ढोका थुनिसकेका रहेछन् । मलाई उनीहरूले झम्टेर अँठ्याए । मैले निकै बेर सङ्घर्ष गरे तर व्यर्थ भयो । तन्नाले मुख छोपी शिथिल बनाएर पालैपालो बलत्कार गरी उनीहरू गए (अधिकारी, २०५६, पृ. ५) ।

निर्मलाको यी भनाइबाट सहरिया वातावरण खोजेर पढ्न बसेका युवतीहरू प्रति पुरुष छात्रहरूले के कस्ता व्यवहार गर्दछन् भन्ने परिवेशलाई देखाउन खोजेको छ । आफूलाई सम्य, सुसंस्कृत र सुशिक्षित एवम् विद्यार्थीहरूको हकहितमा समर्पित देखाउने पुरुषहरू भित्र र बाहिर फरक चरित्रका हुने सन्दर्भलाई व्यक्त गरिएको हो । नारीहरूलाई एक्लो देखेपछि विकृत हुने पुरुष मानसिकताको परिवेश यस कथामा देखाइएको छ । नेपाली समाजमा नारीलाई सौता भन्ने शब्दको सन्त्रासले सधैँ पछ्याइरहेको हुन्छ भन्ने मनोविज्ञानलाई सीमान्त कथाकी नारी पात्र जानकीबाट देखाउन खोजिएको छ । घरमा राखिएकी भदैलाई समाजले जुन दृष्टिले चर्चा गर्दछन्, यसले जानकीको मनलाई विचलित तुल्याउँछ । कतिपय नारीहरू कुरा काट्ने र शङ्कालु स्वभावका हुन्छन् । यी दुबै परिस्थितिको सिकार बनेकी जानकीले जब स्वास्नी अस्पतालमा रातमा डाक्टरसँग लोग्ने घरमा तरुनी भदैसँग भन्ने वाक्य सुन्दछे ऊ मानसिक द्वन्द्वको चपेटामा पर्दछे र सोच्न थाल्दछे :

लोग्ने मानिसको जात न हो, केभन्न सकिन्छ र सत्तरी वर्षको उमेरमा स्वास्नी ल्याएर सन्तान जन्माउन सक्दछ भन्छन्, हाम्रा त बल्ल पचास टेकेका छन् । कस्तद्धो झ्याउ गर्दछन् भन्या । म रस निचोरेकी कागती जस्तीसँग त्यस्तो गर्छन् भने नाताले नरोक्ने तरुनी केटी आफ्नै घरमा पाउँदा मन थाम्न सक्लान् र (अधिकारी, २०५६, पृ. २५) । यी भनाइबाट नारी मानसिकताको परिवेश प्रतिबिम्बत हुन्छ । आज माथिल्ला ओहदामा पुगेका व्यक्तिहरू समेत यौनकाण्डको दुराचारमा परेर सजाइ भोगिरहेको समाजको तीतो यथार्थलाई स्मरण गर्दै संसारमा कत्रा कत्रा यौन काण्ड घटेका छन् । राष्ट्रपति, प्रधानमन्त्री, योगी, सन्यासी भइसकेका व्यक्तिहरू समेत यौन दुराचारका काण्डले गर्दा कसरी खुरमुरिएका छन् भने यो नाथे नरेशको के कुरा (अधिकारी, २०५६, पृ. २६) । भनी जानकीले आफ्नै लोग्नेमाथि गरिएका यस किसिमका आशंका नेपाली समाजका परिघटनाले निम्त्याएको हो । यसको सन्दर्भलाई उठाएर कथाकारले सामाजिक परिवशेबाट विकसित भएको मानसिक द्वन्द्व र त्यसले निम्त्याएको परिणामलाई देखाएका छन् ।

यसरी परिवेशविधानको सन्दर्भमा उल्लिखित कथ्यहरूलाई विश्लेषण गर्दा नारी पात्र वसन्ती शर्माले लैङ्गिक विभेदको चपेटामा परेर जीवन भरि नै सास्ती भोग्नु परेको, आत्मावतारकी जुनेलीले आफ्नो लोग्नेबाट मात्र होइन सासु, नन्द आदिबाट समेत अपहेलित भएर माइत गएर बस्न विवश हुनुपरेको मन कथाकी निर्मलाले रक्षक बन्न खोज्नेहरू नै मश्रक बनेर बलात्कार गरेको र सीमान्त कथाकी नारी पात्र जानकीले छिमेकीका निकृष्ट अभिव्यक्तिबाट मानसिक पीडामा छटपटिन परेका गतिविधिबाट पुरुष प्रधान नेपाली समाजमा नारीको दयनीय अवस्थाको चित्रण गरिएको छ । भोगवादी

मानसिकता भएका पुरुषहरूको परम्परावादी संस्कार कार्यशैली र चिन्तनप्रणालीलाई एवम् त्यस्तै मानिसकता भएका नारीलाई माध्यम बनाएर कथाका (अधिकारीले नारीवादी स्वरलाई मुखरित गरेका हुँदा नारीवादी चिन्तनको सन्दर्भबाट इच्छामुक्ति, मन र सीमान्त कथा प्रभावकारी कथाका रूपमा रहेका छन् भने नारीवादी चेतनाका दृष्टिले आत्मावतार कथा उत्कृष्ट देखिन्छ ।

पितृसत्ता एउटा संरचना हो, जसमा पुरुषले महिलामाथि व्यवस्थगत रूपमा दमन गरिरहेको छ र यो सत्ता पुरुषद्वारा सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ । सासुले बुहारीलाई दमन गर्ने र विवाहमा बढी दाइजो ल्याउनेबुहारी र दाइजो थोरै ल्याउने बुहारीमाथि गरिने विभेदले नेपाली समाजमा नराम्रोसँग जरा गाडेको परिवेशलाई कथाहरूमा देखाइएको छ । दाइजेकै कारण भ्रुण हत्या गर्ने अपराध पनि समाजमा बढिरहेको छ। दाइजोको करकापमा परेर मृत्युवरण गर्न बाध्य छोरी बुहारीहरू नेपालको कुसंस्कारग्रस्त गलत संस्कृतिको सिकार भएका छन् । लैङ्गिकता प्रकृतिको देन हो । नारी र पुरुष सृष्टिक्रममा समान दायित्व बहन गर्ने पात्र हुन् तसर्थ महिला र पुरुष बीच सहकार्य, निकटता र सहसम्बन्ध कायम हुनुपर्दछ। प्रकृतिले प्रदान गरेको दायित्व, क्रियाकलाप, भूमिका र जिम्मेवारीमा नै समाजले गति लिने हो ।नेपाली समाजमा अहिले पनि नारीलाई स्वतन्त्रता र समानताको हक प्राप्त हुन सकेको छैन । कानुनमा दाइजो लेनदेन निषेध गरेपनि व्यवहारिक रूपमा यसको अन्त्य हुन सकेको छैन । समाजमा नारीको हकका लागि आवाज उठ्नु जरुरी छ र नारीवादी चेतना विस्तार गर्नु पर्दछ भन्ने मर्मलाई यस कथाले उठाएको छ ।

## निष्कर्ष

आत्मवतारका कथाहरूमा समाजका विभिन्न पक्षलाई यथार्थ रूपमा चित्रण गरिए पनि विशेषतः पितृसत्तात्मक नेपाली समाजमा नारीको वर्तमान अवस्थाको चित्रण गर्दै नारीको सबल अस्तित्वका पक्षमा आवाज उठाउने उद्देश्य राखेर रचना गरिएको देखिन्छ । उद्देश्यसँग सङ्गति स्थपित हुने गरी नारी पात्रचयन गरी तिनलाई पितृसत्तात्मक संस्कार, चिन्तन प्रणाली र सोही अनुसारको क्रियाकलाप भएको समाज व्यवस्थाबाट भयाक्रान्त देखाइएको छ । लोग्ने जति निकृष्ट भए पनि त्यसलाई छोडेर अन्त नजाने वसन्ती शर्मा र लोग्नेले सहरमा बसेर पढ्दै गर्दा अर्कै केटीसँग विवाह गरेर त्यागिएकी जुनेली र पढ्न बस्दा विद्यार्थी युनियनका उम्मेदवारबाट बलात्कृत भएकी निर्मला यी नेपाली समाजका पुरुषद्वारा प्रताडित महिला हुन् । यी नारीले भोगेका दुःखद र कष्टकर अनुभूतिको अभिव्यक्तिबाट नारीको मौलिक प्रकृति र स्वतन्त्र अस्तित्वलाई सम्मान गर्न नचाहने पुरुष जातिको सङ्कीर्णतालाई देखाइएको छ । नारीको असन्तोषले विद्रोहको रूप लिन नसक्नुको पछाडि सामाजिक परिवशे नै दोषी रहेको देखाइएको छ ।

यसरी सामाजिक यथार्थवादी चिन्तनमा आधारित भएर लेखिएका अधिकांश कथामा नारीका समस्यालाई केन्द्रमा राखेर मानव जीवनका विभिन्न किसिमका मार्मिक पक्षलाई सूक्ष्म रूपमा निहालिएको छ । पुरुष पात्रहरूका तुलनामा नारी पात्रहरूलाई बढी सचेत संवेदनशील र गतिशील देखाएको छ तापनि सामाजिक कुसंसकारका रूपमा रहेको पितृ सत्तात्मक चिन्तनबाट नारीहरूले त्रासदीपूर्ण पीडा भोग्न परेको यथार्थ उजागर गरिएको छ । नारी मुक्तिका लागि नारी आफै सक्रिय हुनुपर्ने, निराश भएर पलायन हुनुभन्दा आफ्नो हक लिएर बाँच्न बढी श्रेयस्कर हुने, भाग्यलाई मात्र दोष दिएर कायर जीवन बाँचियो भने समाजले झन प्रताडित गर्दछ भन्ने आवाज नेपाली नारीहरूले उठाउन नसक्नु, शोषण, अत्याचार, दमन सहेर बस्नु र नारी पात्रहरूले विद्रोही भावचेतनालाई वाचिक

क्रियाप्रतिक्रियाको स्तरमा समेत व्यक्त गर्न नसक्नु कथारचना कौशलको सीमा बनेको देखिन्छ । तथापि नारी जागरण र सशक्तीकरणका लागि अघि बढ्नु पर्दछ भन्दै असमान कानुन, महिला हिंसा, दाइजो, बलत्कार जस्ता कुरालाई समाजबाट निर्मूल पार्न सबै एक जुट हुनु पर्दछ भन्ने सन्देश प्रवाह गर्न कथा लेखनको निष्कर्ष रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि (२०५६), *आत्मावतार,* चितवन : चितवन साहित्य परिषद् ।

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (दोस्रो संस्क), काठमाडौँ : अक्षर क्रियसन ।

खनाल, केदारनाथ (सम्पा.) (२०६४), *प्रा.डा. सूर्यमणि अधिकारी स्मृति ग्रन्थ,* चितवन : प्रा.डा. सूर्यमणि फाउण्डेसन ।

गैरे, शङ्करप्रसाद (२०७९), सत्ताको खोजमा नाट्यकृतिमा नारीवादी चेतना, *सरस्वती सदन,* पूर्णाङ्क ६, अङ्क १, काठमाडौँ : त्रिचन्द्र बहुमुखी क्याम्पस, पृ. १२२-१३२ ।

गौतम, कृष्णप्रसाद (२०५०), *आधुनिक आलोचना, अनेक रूप, अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, शान्ति भुषाल (२०७३), लैङ्गिक विभेद र नेपाली समाज : एक विश्लेषण, *विचार प्रवाह,* वर्ष ५, अङ्क ५, पोखरा : प्रजातान्त्रिक विचार समाज, पृ. १५०-१५३ ।

पौडेल, विष्णुप्रसाद (२०६९) *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालिन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, विष्णुप्रसाद (२०७९), *उत्तरवर्ती साहित्य सिद्धान्त प्रवृत्ति र प्रयोग,* काठमाडौँ : हिमालय प्रकाशन प्रा.लि. ।